जि.प्रशा.का.दर्ता नं. १०१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक
राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ४ | अंक : ७ | २०८३ साल वैशाख ०९ गते, बुधवार | Wednesday, Arp.– 22 2026 | मूल्य रु. ५/- पृष्ठ : ४

## बारामा अवैध क्रसर उद्योग निर्वाद्ध सञ्चालनले न्यून बिलिङबाट राजस्व छली, अनुगमन संयन्त्र मौन

*संवाहक सम्वाददाता-८ वैशाख, कलैया*

बारामा सञ्चालनमा रहेका अवैध तथा मापदण्ड विपरीत क्रसर उद्योगहरूले न्यून बिलिङ मार्फत राजस्व छली गरिरहेको तथ्य सार्वजनिक भएको छ। एक टिपर बालुवा वा गिट्टी खरिद गर्दा २२-२४ हजारसम्म मूल्य तिर्नु पर्छ।तर,वास्तविक बजार मूल्यभन्दा निकै कम, करिब ७ हजार रुपैयाँको बिल काट्ने गरिएको स्थानीयले बताएका छन्।



स्थानीयका अनुसार यस्तो कम दररेटमा बिल बनाइने प्रचलनले राज्यको राजस्वमा ठूलो क्षति पुगिरहेको छ। उद्योगहरू एकातर्फ दर्ता नवीकरण नगरी सञ्चालनमा छन् भने अर्कोतर्फ न्यून मूल्य देखाएर कर छल्ने काम भइरहेको आरोप छ।

बाराका विभिन्न क्षेत्रमा, विशेषगरी खोला नदी किनारमा सञ्चालित क्रसर उद्योगहरूले जथाभावी उत्खनन गर्दै आएका छन्। यसले नदीको प्राकृतिक बहाव परिवर्तन हुनुका साथै आसपासका मानव बस्ती जोखिममा परेको स्थानीयको गुनासो छ।

उत्खनन तथा क्रसिङबाट उत्पन्न धुलो र प्रदूषणले वातावरणीय असन्तुलन बढाएको छ भने स्थानीय बासिन्दाको स्वास्थ्यमा समेत असर पर्ने जोखिम बढेको छ। साथै, गुणस्तरहीन बालुवा मिसाएर बजारमा बिक्री वितरण गर्दा उपभोक्ता ठगिएको आरोपसमेत लागिरहेको छ।बारामा जिल्ला समन्वय समितिका सभापति नरेन्द्र कुमार साहको संयोजकत्वमा, प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्र तथा जिल्ला प्रहरी सहितको

बाँकी तेस्रो पृष्ठमा

## भ्रष्टाचारविरुद्धको कारबाही नरोकिने : गृहमन्त्री गुरुङ

*८ वैशाख, काठमाडौं ।*

गृहमन्त्री सुधन गुरुङले भ्रष्टाचारविरुद्धको कारबाही कुनै पनि हालतमा नरोकिने र सरकार आफ्नो अभियानबाट पछि नहट्ने स्पष्ट पारेका छन्।



सामाजिक सञ्जालमार्फत धारणा सार्वजनिक गर्दै गृहमन्त्री गुरुङले राष्ट्रको सम्पत्तिमा आँखा लगाउनेहरू अहिले डराएर विभिन्न हल्ला र मिडिया ट्रायलमार्फत भ्रम फैलाउने प्रयासमा लागेको आरोप लगाएका छन्।

उनका अनुसार सरकारले भ्रष्टाचार नियन्त्रणलाई प्राथमिकतामा राख्दै कडा निगरानी तथा अनुसन्धान अघि बढाइरहेको छ। "राष्ट्रको ढुकुटीमा वर्षौंदेखि जम्मा भएको जनताको पैसा दुरुपयोग गर्नेहरू अहिले त्रसित भएका छन्," उनले उल्लेख गरेका छन्।

गृहमन्त्रीले यस्ता समूहहरूले कारबाहीबाट जोगिन प्रायोजित हल्ला फैलाउने र सञ्चार माध्यममार्फत भ्रम सिर्जना गर्ने प्रयास गरिरहेको दाबी पनि गरेका छन्। उनका शब्दमा, "मिडिया ट्रायल र प्रायोजित हल्ला उनीहरूको छटपटी मात्र हो।"

उनले दिनहुँ ठूलो मात्रामा हुने भनिएको भ्रष्टाचारका विषयमा समेत अनुसन्धान अघि बढाइएको बताएका छन्। गृहमन्त्रीका अनुसार कतिपय घटनामा उच्च आर्थिक चलखेल भएको आशंकासहित कडा निगरानी भइरहेको छ।

सरकारले भ्रष्टाचार नियन्त्रणलाई राष्ट्रिय प्राथमिकतामा राखेर कानुनी दायराभित्र रहेर कडा कदम चालिरहेको उनको भनाइ छ। उनले निष्पक्ष अनुसन्धान र प्रमाणका आधारमा मात्र दोषीमाथि कारबाही हुने स्पष्ट पारेका छन्।

गृहमन्त्री गुरुङले कुनै पनि दबाब, प्रभाव वा राजनीतिक हस्तक्षेपमा नपरी सरकार अगाडि बढ्ने प्रतिबद्धता दोहोर्याएका छन्। उनले राज्य संयन्त्रलाई पारदर्शी र जवाफदेही बनाउन सरकार दृढ रहेको समेत बताएका छन्।

## कलैया उपमहानगरको नियत वा व्यापरीको नियति!
## लखेटिने व्यापारी, हराउने सामान–जवाफदेहिता कसले लिने?

***" कलैया उपमहानगरको सडक व्यवस्थापन अभियान आवश्यक छ।
तर कार्यान्वयनमा पारदर्शिताको गम्भीर अभाव देखिएको छ।
साना व्यापारीका सामान जफत भए पनि हिसाब स्पष्ट छैन।
दिनभर हटाइए पनि व्यापारी फेरि फर्किने क्रम रोकिएको छैन।
दीर्घकालीन बजार व्यवस्थापनको खाँचो बढ्दै गएको छ।"***



लेखकः पन्नालाल दास

बाराको कलैया उपमहानगरपालिका कलैया बजार क्षेत्रमा पछिल्लो समय नगरप्रहरीको सक्रियता बढेको देखिन्छ। सडक पेट्टीमा जथाभावी पसल थापेर बाटो अवरुद्ध गर्ने, पैदल यात्रुलाई असहज बनाउने र अव्यवस्थित बजारलाई नियन्त्रण गर्ने उद्देश्यले चालिएका कदम आवश्यक नै हुन्। तर यही अभियानले साना खुद्रा व्यापारीहरूको जीवनमा भने गम्भीर संकट निम्त्याएको छ।

दैनिक गुजारा चलाउन साईकलमा सामान राखेर, टोकरी, क्यारेट वा त्रिपालमुनि तरकारी, फलफूल र सागसब्जी बेच्ने साना व्यवसायीहरू अहिले अन्योलमा छन्। नगरप्रहरीले उनीहरूको सामान जफत गरेपछि, कतिपय व्यापारीहरू पाँच सयदेखि हजार रुपैयाँसम्मको सानो पूँजीमै निर्भर भएकाले पूर्ण रूपमा विस्थापित हुने अवस्थामा पुगेका छन्।

उपमहानगरपालिकाले बजारभित्र निर्माण गरिएको सेडमा सरेर व्यापार गर्न पटक-पटक ताकेता गरेको र अटेरी गर्नेलाई कारबाही गरिएको दाबी गर्छ। तर मुख्य प्रश्न भने अझै अनुत्तरित छ–जफत गरिएका सामानको स्पष्ट लेखाजोखा कहाँ छ? खुद्रा व्यापारीहरूले जरिवाना तिरेर सामान फिर्ता ल्याउने प्रक्रिया भए पनि, त्यसबाट उठेको राजस्व कति हो? जफत गरिएका तरकारी, फलफूल, कपडा, भाँडाकुँडा, ढकतराजु जस्ता सामग्रीको के हुन्छ? ती सामान कहाँ भण्डारण गरिन्छ? न त कुनै व्यवस्थित स्टोर देखिन्छ, न त सार्वजनिक विवरण नै उपलब्ध छ।

बजारमा फैलिएको चर्चा अझ गम्भीर छ। केहीको आरोप छ–कुहिने प्रकृतिका तरकारी र फलफूलजन्य सामग्री नगरपालिकाभित्रैका कर्मचारी वा जनप्रतिनिधिहरूले उपभोग गर्ने गरेका छन्। यद्यपि, यसको आधिकारिक पुष्टि हुन सकेको छैन। तर यस्ता प्रश्न उठ्नु नै पारदर्शिताको अभावको संकेत हो।

अर्को यथार्थ पनि उत्तिकै कटु छ–दिनभर लखेटिएका व्यापारीहरू साँझपख फेरि त्यहीँ आएर पसल थाप्न बाध्य छन्। यसले देखाउँछ कि समस्या समाधानभन्दा पनि 'लखेट्ने र फर्किने' चक्र चलिरहेको छ। बजार व्यवस्थापनको दीर्घकालीन समाधानतर्फ नगरपालिका गम्भीर देखिँदैन भन्ने आरोप बलियो बन्दै गएको छ।

बजार अनुगमन पनि नियमित नभई मनलाग्दी रूपमा हुने गरेको गुनासो व्यापारीहरूको छ। यसले साना व्यवसायीमाथि अन्यायपूर्ण दबाब सिर्जना गरेको छ, जसको असर अन्ततः उपभोक्तामा समेत पर्छ। आवश्यक वस्तुको सहज उपलब्धता प्रभावित हुँदा सर्वसाधारणले नै मूल्य चुकाउनुपर्छ।

समाधान स्पष्ट छ–खुद्रा व्यापारीहरूको उचित व्यवस्थापन। व्यवस्थित स्थान, सहज पहुँच र न्यून शुल्कमा व्यापार गर्ने वातावरण सिर्जना गर्दै सडक पेट्टी खाली गराउनु नै दिगो उपाय हो। केवल जरिवाना र सामान जफत गरेर समस्या समाधान हुँदैन, बरु यसले नगरपालिका र व्यापारीबीच दूरी मात्र बढाउँछ।

अब समय छ–पारदर्शिता, उत्तरदायित्व र व्यवहारिक समाधानको। जफत गरिएका सामानको विवरण सार्वजनिक गर्ने, राजस्वको हिसाब स्पष्ट गर्ने र साना व्यापारीलाई व्यवस्थित रूपमा समेट्ने कदम चालिएन भने यो समस्या झन् गहिरिँदै जाने निश्चित छ।

## कलैयामा नगर प्रहरी–व्यवसायी झडप, कुटपिटको भिडियो सार्वजनिक भएपछि तनाव

*संवाहक सम्वाददाता-८ वैशाख, कलैया*

बाराको कलैया उपमहानगरपालिकामा नगर प्रहरी र स्थानीय व्यवसायीबीच झडप हुँदा बजार क्षेत्र दिनभर तनावग्रस्त बनेको छ। नगर प्रहरीद्वारा व्यवसायीमाथि कुटपिट गरिएको भिडियो सामाजिक सञ्जालमा सार्वजनिक भएपछि घटनाले थप चासो पाएको हो।



मंगलबार दिउँसो बजार व्यवस्थापनका क्रममा नगर प्रहरी र व्यवसायीबीच सामान हटाउने विषयमा विवाद भएको थियो। प्रत्यक्षदर्शीका अनुसार विवाद बढ्दै जाँदा नगर प्रहरीको टोलीले एक व्यवसायीलाई पसलभित्रबाट बाहिर निकाल्दै कुटपिट गरेको बताएका छन्।

सामाजिक सञ्जालमा सार्वजनिक भएको भिडियोमा नगर प्रहरीले व्यवसायीलाई बल प्रयोग गर्दै घिसारिरहेको दृश्य देखिएको छ। घटनापछि स्थानीय व्यवसायीहरू आक्रोशित बनेका थिए।

व्यवसायीहरूले नगर प्रहरीले सामान जफत गर्ने क्रममा अत्यधिक बल प्रयोग गरेको आरोप लगाएका छन्। उनीहरूले आर्थिक मन्दीका कारण व्यवसाय सञ्चालनमा कठिनाइ भइरहेका बेला नगरपालिकाले सहयोग गर्नुको साटो दमनकारी व्यवहार गरेको गुनासो गरेका छन्।

स्थिति तनावपूर्ण बनेपछि नेपाल

बाँकी तेस्रो पृष्ठमा

## वीरगञ्जमा सडक अतिक्रमण हटाइयो, ६ लेन विस्तार अब डिपिआरपछि मात्रै अघि बढ्ने

*८ वैशाख, वीरगञ्ज ।*

वीरगञ्ज महानगर क्षेत्रभित्र मुख्य सडक विस्तारका लागि गरिएको अतिक्रमण हटाउने अभियान सम्पन्न भएको छ। गण्डक चोकदेखि नेपाल-भारत मितेरी पुलसम्मको सडक खण्डमा रहेका संरचनाहरू डोजर प्रयोग गरी हटाइएको हो।



सडक डिभिजन कार्यालय हेटौंडाका अनुसार त्रिभुवन राजपथअन्तर्गत उक्त खण्डमा रहेका करिब १ हजार २ सय घर, टहरा तथा अन्य संरचना हटाइएका छन्। आइतबारदेखि सुरु भएको अभियान सोमबारसम्ममा सम्पन्न भएको हो। अभियानपछि सडक विस्तारको तयारी अघि बढाइए पनि निर्माण कार्य भने तत्काल सुरु नहुने भएको

बाँकी तेस्रो पृष्ठमा

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ !"

- सेक्सपियर


प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

सामाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्यूटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालय:
कलैया उपमहानगरपालिका
शाखा कार्यालय: कलैया-१, बारा

मुद्रक: शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज


## सम्पादकीय ........

# सीमामा तस्करीको जालो: सूचना हुँदाहुँदै पनि किन मौन राज्य?

बाराको सिम्रौनगढ, बसवरिया , पचरौताको पिपरपाती, वेनौली क्षेत्र केन्द्रमा राखेर फैलिएको तस्करी सञ्जालले फेरि एकपटक राज्य संयन्त्रको प्रभावकारिता माथि गम्भीर प्रश्न उठाएको छ। कपडा, चकलेट र काजुजस्ता दैनिक उपभोग्य वस्तु भारतबाट योजनाबद्ध रूपमा भित्र्याइने, गोदाममा राखिने र 'बुकिङ सिस्टम' मार्फत देशभर पठाइने संरचनाले यो गतिविधि सामान्य होइन, व्यवस्थित नेटवर्क भएको देखाउँछ। तर यहाँ सबैभन्दा गम्भीर कुरा तस्करी आफैं होइन—राज्यको निष्क्रियता हो। गोदामको ठेगाना, संलग्न व्यक्तिहरू र सञ्चालन विधिसम्मको सूचना सर ोकारवाला प्रहरी प्रमुखसँग पगेको स्थानीयस्तरमै खुलेआम चर्चामा हुँदा पनि सम्बन्धित निकायले कुनै ठोस कदम नचाल्नु आश्चर्यजनक मात्र होइन, सन्देहास्पद पनि छ। कारबाही नहुनु केवल कमजोरी हो कि जानाजान आँखा चिम्लिएको अवस्था यो प्रश्न अब टार्न मिल्दैन।

सुरक्षा संयन्त्रको प्राथमिकता पनि प्रश्नको घेरामा छ। सामान्य नागरिकले ल्याउने साना सामानमा कडाइ, तर ठूलो परि माणमा हुने तस्करीमा सहजता यसले कानुनी शासनको विश्वसनीयतालाई सीधै धक्का पुऱ्याउँछ। यस्तो असमान व्यवहारले अवैध कारोबार गर्नेहरूलाई झन् उत्साहित बनाउने खतरा हुन्छ। त्यसमाथि, सूचना चुहावटको आशंकाले समस्या अझ गम्भीर बनाएको छ। यदि कार बाही अघि नै तस्कर सतर्क हुने अवस्था छ भने, यसले प्रणालीभित्रै कमजोरी वा संलग्नता रहेको संकेत गर्छ। यस्तो अवस्थामा केवल नीतिगत कुरा गरेर होइन, भित्रैबाट सुधार गर्ने साहस आवश्यक हुन्छ।

अब आवश्यक छ दिखावटी होइन, परिणाममुखी कदम। गोदाममा छड्के अनुगमन, सीमामा प्रविधिमैत्री निगरानी, जिम्मेवार निकायको जवाफदेहिता र संलग्न जो कोहीमाथि बिना दबाब कारबाही। जबसम्म 'ठूला खेलाडी' माथि हात हालिँदैन, तबसम्म तस्करी नियन्त्रण केवल नारामै सीमित रहनेछ। सीमाक्षेत्रमा मौलाउँदै गएको यस्तो सञ्जालले र ाजस्व, सुरक्षा र शासन तीनै क्षेत्रमा असर पारिरहेको छ। अब पनि राज्य चुप लागेर बस्ने हो भने, यो समस्या नियन्त्रणभन्दा बाहिर जान धेरै समय लाग्ने छैन।

# उन्नत लोकतन्त्रको विमर्श




नागरिकको अपेक्षा स्पष्ट छ– सुशासन, पारदर्शिता, भ्रष्टाचार नियन्त्रण र रोजगारी सिर्जना। यी अपेक्षा पूरा गर्न सकेमा नयाँ सरकार लोकतान्त्रिक रूपान्तरणको उदाहरण बन्ने छ, अन्यथा पुनः असन्तोष र विद्रोहको सामना गर्नुपर्ने अवस्था आयो भने त्यसलाई नेपालले धान्न सक्ने छैन। आशा गरौँ, यो सरकार सफल हुने छ।



कृष्णरमण अधिकारी

जेनजी आन्दोलनपश्चात् सम्पन्न आमनिर्वाचनबाट राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) छोटो समयमै झन्डै दुई तिहाइ बहुमतसहित प्रमुख राजनीतिक दलका रूपमा उदाएको छ। नागरिकले प्रतिनिधि सभाका २७५ सिटमध्ये १८२ सिटमा विजय गराउँदै स्थायी र शक्तिशाली सरकार निर्माण गर्ने स्पष्ट जनादेश प्रदान गरे। यो परिणाम केवल सामान्य चुनावी जित हार मात्र नभई राजनीतिमा नयाँ पुस्तागत रूपान्तरणको स्पष्ट राजनीतिक अभिव्यक्ति पनि हो।

यस ऐतिहासिक विजयले धेरैलाई आश्चर्यचकित बनाएको छ। विशेष गरेर पुराना र स्थापित राजनीतिक दललाई आफ्नो हार स्वीकार गर्न कठिन भइरहेको छ। के यो परिणाम अस्वाभाविक, अप्रत्याशित र आकस्मिक हो ? वा यो लामो समयदेखि सञ्चित राजनीतिक विकृति, संस्थागत कमजोरी र सामाजिक असन्तोषको स्वाभाविक परिणाम हो ? पुराना दलको पराजयको पछाडि उनीहरूको आफ्नै राजनीतिक संस्कार, कार्यशैली कति जिम्मेवार छ ? रास्वपा स्वयम्ले पनि यस विजयलाई कसरी ग्रहण गर्नुपर्ने हो ? । उत्सवका रूपमा कि उत्तरदायित्व ? यी यावत् प्रश्नको गम्भीर उत्तर खोज्नु आजको आवश्यकता हो।

यस्ता प्रश्नको जवाफ खोज्नु केवल औपचारिकता मात्र होइन, बरु यसले पुराना दललाई आफ्नो पराजयबाट सिक्न र सच्चिन प्रेरित गर्ने छ। सङ्घीय लोकतान्त्रिक व्यवस्था र संविधानको प्रभावकारी कार्यान्वयनमार्फत त्यसको प्रतिफल प्रत्येक नेपालीको जीवनमा सुनिश्चित गर्न सहजीकरण गर्ने छ। दुर्भाग्यवश नेपाली राजनीतिमा परम्परागत रूपमा एउटा गम्भीर रोग देखिन्छ- हारलाई सहज रूपमा स्वीकार गर्न नसक्ने प्रवृत्ति। हारलाई आत्मसमीक्षाको अवसरका रूपमा लिनुको सट्टा, त्यसलाई आफ्नो अनुकूल व्याख्या गर्दै सैद्धान्तिक लेपन लगाउने संस्कार गहिरिँदै गएको छ। आन्तरिक कमजोरीको विश्लेषण गर्नुको सट्टा बाह्य कारणलाई दोष दिने प्रवृत्ति दलहरूमा संस्थागत भएको छ। यसले केवल दलहरूको आन्तरिक लोकतन्त्रलाई मात्र कमजोर बनाएको छैन, सिङ्गो देश र लोकतन्त्रलाई समेत कमजोर बनाउन भूमिका खेलेको छ। रास्वपाले पुराना दलको कार्यशैली तथा इतिहासबाट शिक्षा लिँदै सुसंस्कृत परिपक्व राजनीतिक संस्कार निर्माण गर्नु आजको मुख्य चुनौती हो। चुनावी अभियानका क्रममा रास्वपाले जनतासँग गरेको करार अर्थात् घोषणापत्र विगतको जस्तो सामान्य दस्ताबेज होइन। यसमा निश्चित समयसीमाभित्र निश्चित काम सम्पन्न गर्ने स्पष्ट प्रतिबद्धता गर्दै निर्धारित लक्ष्य र परिणाम हासिल गर्ने खाकासमेत प्रस्तुत गरिएको छ; जुन नेपाली राजनीतिक इतिहासमा यस्तो प्रकारको करारपत्र नयाँ अभ्यास हो। विगतमा घोषणापत्र चुनावी औपचारिकतामा सीमित हुने र कार्यान्वयनमा गम्भीरता नदेखाइने संस्कृतिले राजनीतिक दललाई आफ्नै वाचाप्रति जवाफदेहीविहीन बनाएको थियो। यस अर्थमा रास्वपाको करारपत्र उत्तरदायित्वमूलक जवाफदेही राजनीतिक संस्कृतिको प्रारम्भ हो; जुन सराहनीय छ। यसको अक्षरशः कार्यान्वयन हेर्न भने केही समय कुर्नुपर्ने नै हुन्छ। संसद्को ठुलो दल रास्वपाका वरिष्ठ नेता वालेन्द्र शाहको नेतृत्वमा सरकार गठन भई आफ्नो कार्य प्रारम्भसमेत गरिसकेको छ। सरकार गठनलगत्तै सरकारले मन्त्रालयको सङ्ख्या घटाउनेदेखि जेनजी विद्रोहपश्चात् गठित कार्की आयोगको प्रतिवेदन कार्यान्वयन गर्न चालिएको कदमले नयाँ आशाको सञ्चार गरेको छ।

हालै रास्वपाले संसद्मा प्रतिनिधित्व गर्ने सबै दलको घोषणापत्रलाई समेट्दै 'राष्ट्रिय प्रतिबद्धतापत्र' सार्वजनिक गरी सुझावका लागि सम्बन्धित दलहरूलाई आह्वान गरेको छ। यसलाई राष्ट्रिय सहमतितर्फको महत्वपूर्ण कदमका रूपमा लिन सकिन्छ। त्यति मात्र हैन, २०६२/६३ सालदेखि हालसम्म सार्वजनिक पद धारण गरेका पदाधिकारीको सम्पत्ति छानबिन गर्न भर्खरै गठित उच्चस्तरीय न्यायिक आयोग बनाइएको छ। यस्ता प्रयासले सिङ्गो राष्ट्रिय राजनीतिलाई नयाँ अभ्यास, संस्कार र दिशातर्फ मार्गदर्शन गर्ने अपेक्षा गरिएको छ। रास्वपाको विजयलाई केवल चुनावी जितहारका रूपमा मात्र बुझ्नु गम्भीर भूल हुने छ। यो पुस्तागत हुटहुटी, सामाजिक असन्तोष र संस्थागत विफलताको कुल योगबाट उत्पन्न भएको विस्फोट हो। यसलाई गहिरो गरी बुझ्न केवल राजनीतिशास्त्र मात्र पर्याप्त हुँदैन, बरु समाजशास्त्रीय दृष्टिकोण आवश्यक हुन्छ। सन् १९२८ मा जर्मन समाजशास्त्री कार्ल मान्हाइमले भने झैँ समाजलाई जीवित र गतिशील राख्न नयाँ पुस्ताले विगतका सामाजिक संस्थाहरूलाई आफ्नो वर्तमान यथार्थ अनुसार पुनः अनुकूल बनाउनु आवश्यक हुन्छ। अन्यथा समाज जड र स्थिर बन्छ। उनका अनुसार प्रत्येक नयाँ पुस्ताले समाजसँग 'फ्रेस कन्ट्याक्ट' (ताजा दृष्टि) स्थापना गर्छ अर्थात् पुराना ज्ञान, संस्कृति र परम्परालाई आफ्नै दृष्टिकोणबाट पुनर्व्याख्या गर्छ। यसले समाजलाई जड हुनबाट जोगाउँछ। नेपाली सन्दर्भमा हेर्दा पुराना राजनीतिक दलले देश विकासभन्दा बढी अन्त्यहीन राजनीतिक रस्साकस्सी, सरकार गठन र विघटनको चक्र, कुशासन, भ्रष्टाचार, बेरोजगारी र जवाफदेहिताविहीन संस्कृतिलाई संस्थागत गरे। यही अवस्थालाई जेनजी पुस्ताले नयाँ दृष्टिले हेरे र अस्वीकार गरे; जसले जेनजी आन्दोलनको भावभूमि तयार भयो। यससँगै म्यानहाइमले 'साझा चेत' को अवधारणा प्रस्तुत गर्दै एउटै पुस्ताभित्र रहेको साझा चेतना र आन्तरिक उद्देश्यको व्याख्या गरेका छन्। एउटै समयका अनुभव, जस्तै- राजनीतिक अस्थिरता, आर्थिक अभाव, युवा पलायन, प्रविधिको प्रभावले एउटा पुस्तालाई साझा सोचमा बाँध्छ। नेपाली युवामा विकसित यही सिद्धान्तले भ्रष्टाचार, कुशासन र अवसरको असमानताविरुद्ध सङ्गठित प्रतिरोध निर्माण गरुन्यो। यही आन्तरिक लयले नयाँ राजनीतिक विकल्पको खोजीलाई तीव्र बनायो।

जब नयाँ पुस्ताले समाजलाई पुनर्व्याख्या गर्छ तब समाजमा नयाँ शैलीको जन्म हुन्छ। यसले राजनीति, विचार र संस्कृतिमा नवीनता ल्याउँछ। नयाँ शैली स्थापित गर्न कतिपय पुराना अभ्यासलाई पन्छाउनु अनिवार्य हुन्छ। यसै प्रक्रियाको परिणामस्वरूप नेपाली राजनीतिमा रास्वपाको उदय भएको हो। यस आधारमा हेर्दा वालेन्द्र शाहको नेतृत्वमा बनेको सरकारले केही आशालाग्दा कामको सुरुवात गरेको देखिन्छ। उदाहरणका लागि सय दिनमा सय कार्ययोजना कार्यान्वयन गर्ने प्रतिबद्धता, भ्रष्टाचार नियन्त्रण र सुशासन स्थापना गर्ने पहल तथा सबै दलको सहभागितामा राष्ट्रिय प्रतिबद्धता निर्माण गर्ने प्रयास उल्लेखनीय छन्। यस्ता अभ्यास विगतका राजनीतिक संस्कारभन्दा भिन्न छन् र यिनले म्यानहाइमले भने जस्तै नयाँ शैलीको सङ्केत दिन्छन्। यी प्रयासको स्थायित्व र प्रभावकारिता सरकारको नीति, नियत र निरन्तरतामा निर्भर रहने छ।

नेपालको पछिल्लो निर्वाचनलाई म्यानहाइमको सिद्धान्तको कसीमा राखेर हेर्दा स्पष्ट हुन्छ- नयाँ पुस्ताले पुराना दलहरूको असक्षमता, कुशासन र भ्रष्टाचारलाई 'फ्रेस कन्ट्याक्ट' मार्फत साझा जुझारु चेत निर्माण गर्दै पुरानो सत्ताविरुद्ध प्रतिरोध गरे र नयाँ वैकल्पिक दल रास्वपालाई भारी मतले विजयी गराउन योगदान पुऱ्याए। यो केवल सामान्य चुनावी परिणाम मात्र होइन, नेपाली राजनीतिमा नयाँ शैलीको जन्म हो। अब प्रश्न उठ्छ, के यो नयाँ शैलीले लोकतन्त्रलाई सुदृढ बनाउन सक्छ ? यसको उत्तर विमर्शयुक्त लोकतन्त्रको अभ्यासमा निहित छ। लोकतन्त्र केवल प्राविधिक बहुमतमा मात्र सीमित हुँदैन बरु यसको वास्तविक वैधता निरन्तर संवाद, तर्क, सार्वजनिक विमर्श र नागरिक सहभागिताबाट प्राप्त हुन्छ। सरकार सञ्चालनका लागि प्राविधिक बहुमत पर्याप्त हुन सक्छ तर दीर्घकालीन वैधता र स्थायित्वका लागि सामाजिक स्वीकृति अनिवार्य हुन्छ; जुन नागरिकसँगको निरन्तर संवाद र अन्तर्क्रियाबाट मात्र प्राप्त हुन्छ।

विगतमा यस्तो प्राविधिक बहुमत इतिहासमा नआएको भने होइन तर यस्ता प्रचण्ड बहुमतलाई दलहरूले समाल्न सकेको देखिएन। यसको पछिल्लो दृष्टान्त तत्कालीन ठुला दल नेपाली कांग्रेस र नेकपा (एमाले) को झन्डै दुई तिहाइको बहुमतको घमण्डले शासनप्रणालीलाई जनमुखी बनाउनुको सट्टा सीमित समूहको सेवामा केन्द्रित गऱ्यो। परिणामस्वरूप बिचौलिया प्रवृत्ति र भ्रष्टाचार संस्थागत भयो। यसबाट पाठ सिक्दै नयाँ सरकारले विमर्शयुक्त लोकतन्त्रलाई व्यवहारमा उतार्नु पर्छ। यसका लागि रास्वपा स्वयम्ले आफ्नो आन्तरिक लोकतन्त्र मजबुत बनाउनु पहिलो सर्त हुने छ। नागरिकको अपेक्षा स्पष्ट छ- सुशासन, पारदर्शिता, भ्रष्टाचार नियन्त्रण र रोजगारी सिर्जना। यी अपेक्षा पूरा गर्न सके वर्तमान सरकार लोकतान्त्रिक रूपान्तरणको उदाहरण बन्न सक्छ। अन्यथा पुनः असन्तोष र विद्रोहको सामना गर्नुपर्ने अवस्था आउन सक्छ; जसलाई अब नेपालले धान्न सक्ने छैन। तसर्थ नयाँ सरकारको मूल कार्यभार केवल सामान्य शासन सञ्चालन गर्नु मात्र होइन, जनविश्वास निर्माण गर्नु पनि हो। प्रत्येक नीति, कार्यक्रम र निर्णयलाई सार्वजनिक विमर्शमार्फत वैधता दिन सकिए मात्र लोकतन्त्रमा जनविश्वास सुदृढ बन्छ। यही विश्वासका आधारमा मात्र सुदृढ, समावेशी र विमर्शयुक्त लोकतन्त्रको निर्माण सम्भव हुने छ। अन्यथा अङ्कगणितीय भारी बहुमत नै पुनः समस्याको कारण बन्न सक्छ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## युरेनियम पुनः प्राप्ति कठिन हुने ट्रम्पको चेतावनी

***वासिङ्टन, वैशाख ८ गते ।***
आणविक संरचनामाथिको सैन्य हस्तक्षेपपछि उत्पन्न अवस्था र युरेनियम पुनःप्राप्तिको जटिलताले अमेरिका-इरानबिचको रणनीतिक द्वन्द्व अझै लम्बिने सङ्केत देखिएको छ। इरानको आणविक संरचनामाथि गरिएको अमेरिकी आक्रमणपछि त्यहाँको समृद्ध युरेनियम पुनः प्राप्त गर्नु जटिल र दीर्घ प्रक्रिया हुने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बताउनुभएको छ । उहाँको यो अभिव्यक्तिले इरानको आणविक कार्यक्रममाथि जारी तनावबीच थप अनिश्चितता र रणनीतिक चुनौती उजागर गरेको छ। ट्रम्पले आफ्नो ‘ट्रुथ सोसल’ प्लेटफर्ममार्फत ‘अपरेसन मिडनाइट ह्यामर’ लाई इरानका आणविक स्थलहरूको पूर्ण विनाशको रूपमा चित्रण गर्नुभयो। उहाँका अनुसार ती संरचनाहरू ध्वस्त पारिएपछि त्यहाँ रहेको सामग्री पुनः उत्खनन गर्नु अब ‘लामो र गाह्रो प्रक्रिया’ बन्न पुगेको छ ।



अमेरिकी राष्ट्रपतिले इरानको समृद्ध युरेनियमलाई जनाउन ‘आणविक धुलो’ भन्ने शब्द बारम्बार प्रयोग गर्दै आउनुभएको छ । यो शब्दावलीले तेहरानले आणविक हतियार निर्माणका लागि युरेनियम भण्डारण गरिरहेको भन्दै अमेरिकाले इरानमाथि लगाउँदै आएको आरोपलाई सङ्केत गर्छ । साथै, उहाँले कहिलेकाहीँ गत वर्ष जुनमा इरानका आणविक केन्द्रहरूमा गरिएको अमेरिकी बम आक्रमणपछि बाँकी रहेको अवशेषलाई पनि यही शब्दबाट व्याख्या गर्ने गर्नुभएको छ। इरानले भने आफ्नो युरेनियम भण्डार हस्तान्तरण गर्ने कुनै योजना नरहेको स्पष्ट पारिसकेको छ। तर ट्रम्पले अन्ततः उक्त भण्डार अमेरिकी नियन्त्रणमा आउने दाबी दोहोऱ्याउनुभएको छ । इरानको आणविक कार्यक्रमलाई इजरायलले ‘अस्तित्वकै खतरा’ का रूपमा व्याख्या गर्दै आएको छ । यही सन्दर्भमा संयुक्त राज्य अमेरिका र इजरायलले फेब्रुअरी २८ मा इरानमाथि संयुक्त सैन्य आक्रमण सुरु गरेका थिए। उक्त आक्रमणले क्षेत्रीय तनावलाई तीव्र बनाएको थियो। इजरायली अधिकारीहरूका अनुसार गत वर्ष जुनमा १२ दिनसम्म चलेको युद्धपछि इरानले आफ्नो आणविक हतियार कार्यक्रमलाई अझ तीव्र बनाउने प्रयास गरेको थियो । सो युद्ध इजरायलको पहलमा सुरु भएको थियो, जसमा अमेरिकाले समेत सहभागिता जनाउँदै इरानका तीनवटा प्रमुख आणविक केन्द्रहरूमा बम आक्रमण गरेको थियो ।

## मध्यपूर्व द्वन्द्वले भारतको मल उत्पादनमा गिरावट

***नयाँदिल्ली, वैशाख ८ गते ।***
मध्यपूर्वमा बढ्दो युद्धको प्रत्यक्ष असर देखिँदै भारतको मल उत्पादन मार्च महिनामा झन्डै एक चौथाइले घटेको छ । प्राकृतिक ग्यास आपूर्तिमा आएको अवरोधका कारण उत्पादनमा यस्तो तीव्र गिरावट आएको सरकारी तथ्याङ्कले देखाएको छ । यसले कृषि क्षेत्रमा दबाब बढाउने सङ्केत गरेको छ। भारतमा युरिया उत्पादनका लागि प्राकृतिक ग्यास अत्यावश्यक कच्चा स्रोत मानिन्छ। यही युरिया देशको विशाल कृषि प्रणालीका लागि मुख्य मल भएकाले यसको उत्पादन विश्वव्यापी ऊर्जा आपूर्ति र मूल्य उतारचढावसँग प्रत्यक्षरूपमा जोडिएको छ । तर फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमाथि आक्रमण सुरु गरेपछि इरानले स्ट्रेट अफ होर्मुज प्रभावकारी रूपमा बन्द गर्दा ग्यास आपूर्ति प्रभावित भएको हो ।

यो जलमार्गबाट विश्वका करिब एक तिहाइ मल आपूर्ति हुने भएकाले अवरोधले विश्वव्यापी खाद्य उत्पादनमै असर पर्ने चिन्ता व्यक्त गरिएको छ। भारत जस्तो कृषिमा निर्भर मुलुकका लागि यसको प्रभाव अझ गम्भीर मानिएको छ। भारतमा कुल रोजगारीको ४५ प्रतिशतभन्दा बढी हिस्सा कृषिले ओगटेको छ । साना र कम उत्पादनशील खेती प्रणालीमा निर्भर किसानका लागि



मल अभाव थप चुनौती बन्न सक्छ । वाणिज्य मन्त्रालयले सार्वजनिक गरेको विवरण अनुसार मार्च २०२६ मा मल उत्पादन अघिल्लो वर्षको सोही अवधिको तुलनामा २४.६ प्रतिशतले घटेको छ । यसअघि भने उत्पादनमा सुधारको क्रम देखिएको थियो। फेब्रुअरीमा ३.४ प्रतिशत, जनवरीमा ३.७ प्रतिशत र डिसेम्बर २०२५ मा ४.१ प्रतिशतले वृद्धि भएको थियो । सरकारले भने तत्काल अभाव नहुने दाबी गरेको छ । पेट्रोलियम मन्त्रालयका अनुसार देशमा हाल ‘पर्याप्त मल भण्डार’ रहेको छ र आपूर्ति स्रोतलाई विभिन्न देशबाट विविधीकरण गर्ने प्रयास भइरहेको छ ।

भारतमा मलको माग मुख्यतः मनसुन बाली रोपाइँ (जुन-जुलाई) अघि र जाडो सिजनका बाली रोपाइँ (अक्टोबर-नोभेम्बर) बेला उच्च हुन्छ। यही समयलाई लक्षित गर्दै सरकारले यसअघि अप्रिलमा मल अनुदान ११ प्रतिशतले बढाएको थियो, जसले बढ्दो मूल्यबाट किसानलाई केही राहत दिने अपेक्षा गरिएको छ । तर भारतको मल प्रणाली आयातमा निर्भर रहँदै आएको छ। युरियासँगै रक फस्फेट, फस्फोरिक एसिड र पोटासजस्ता कच्चा पदार्थका लागि पनि विदेशमै भर पर्नुपर्ने अवस्था छ ।

यस्तो अवस्थामा आपूर्ति शृङ्खलामा आएको अवरोधले दीर्घकालीन असर पार्ने सम्भावना देखिएको छ । यसैबिच, विश्व व्यापार सङ्गठनले पनि मध्यपूर्व युद्धका कारण मल आपूर्तिमा आएको अवरोधले विश्व खाद्य सुरक्षामा गम्भीर खतरा निम्त्याउन सक्ने चेतावनी दिएको छ। यसले भारत मात्र नभई विश्वभर कृषि उत्पादन र खाद्य उपलब्धतामाथि दबाब बढ्न सक्ने सङ्केत गरेको छ ।

## बारामा...

अनुगमन समिति गठन भएपनि सो संयन्त्र प्रभावकारी रूपमा सक्रिय नभएको देखिएको छ। समितिको निष्क्रियताका कारण अवैध उत्खनन र कारोबार तीव्र रूपमा बढ्दै गएको स्थानीयको भनाइ छ।

स्थानीय स्रोतका अनुसार यस्ता गतिविधिबाट राज्यलाई वार्षिक करोडौँ रुपैयाँ राजस्व नोक्सानी भइरहेको छ। अनुगमन संयन्त्रको मौनता र सरोकारवाला निकायको उदासीनताले अवैध क्रसर उद्योगलाई झन् प्रोत्साहन मिलिरहेको आरोप लागिरहेको छ। विशेषज्ञहरूले मापदण्ड विपरीत उत्खन्न र कमजोर अनुगमनले प्राकृतिक स्रोतको तीव्र दोहन, वातावरणीय क्षति तथा मानव बस्तीमा दीर्घकालीन जोखिम निम्त्याउने चेतावनी दिएका छन्। अवैध क्रसर उद्योगको नियन्त्रण, प्रभावकारी अनुगमन र राजस्व चुहावट रोक्न सम्बन्धित ८निकायको सक्रियता आवश्यक रहेको सरोकारवालाहरूले बताएका छन् ।

## कलैयामा...

प्रहरी र सशस्त्र प्रहरी बलको टोली घटनास्थलमा खटिएको थियो। सुरक्षाकर्मीले अवस्था नियन्त्रणमा लिएर नगर प्रहरीलाई सुरक्षित रूपमा जिल्ला प्रहरी कार्यालयतर्फ लगेको बताइएको छ।
यसअघि पनि कलैया क्षेत्रमा नगर प्रहरीद्वारा सडक व्यापारी र साना व्यवसायीमाथि गरिएको व्यवहारबारे गुनासो आउने गरेको स्थानीयले बताएका छन्।
घटनाबारे सम्बन्धित निकायले थप छानबिन गरिरहेको जनाएको छ।

## वीरगञ्जमा ...

छ। सडक डिभिजन कार्यालयका अनुसार विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार भएपछि मात्र ६ लेन सडक निर्माण प्रक्रिया अघि बढाइनेछ।
इन्जिनियर दिलासा तिवारीका अनुसार डिपिआर तयार पार्ने काम उत्तर-दक्षिण आयोजना निर्देशनालयमार्फत अघि बढाइनेछ। डिपिआर तयार हुन करिब ३ देखि ४ महिना लाग्ने अनुमान गरिएको छ।
त्यसपछि केन्द्र सरकारबाट बजेट प्राप्त भएपछि ठेक्का प्रक्रिया अघि बढाइने र गण्डक चोकदेखि मितेरी पुलसम्म ६ लेन सडक निर्माण सुरु गरिने जनाइएको छ। निर्माण कार्य सम्पन्न हुन कम्तीमा दुई वर्ष लाग्ने अनुमान छ।
यसैबीच, भत्काइएका संरचनाबाट निस्किएको फोहोर व्यवस्थापनका लागि स्थानीय तहसँग समन्वय भइरहेको छ। बाँकी रहेका संरचना स्वयं हटाउन सम्बन्धित घरधनीलाई आग्रह गरिएको छ।
यसअघि जिल्ला प्रशासन कार्यालय पर्साले १२ घण्टाभित्र संरचना हटाउन निर्देशन दिएको थियो। सोही निर्देशनपछि अधिकांश संरचना हटाइएको अधिकारीहरूले बताएका छन्।

अभियानपछि वीरगञ्जको मुख्य बजार क्षेत्र प्रभावित बनेको छ भने सरसफाइ र व्यवस्थापनको काम अझै जारी रहेको छ। केही स्थानीय व्यवसायी तथा घरधनीहरूले पर्याप्त समय नदिइएको भन्दै असन्तुष्टि जनाएका छन्।

## प्रहरी...

पूर्वआईजीपीका अनुसार, अन्तिम समयसम्म निर्णय नहुनु र बिदा प्रक्रिया पनि अनिश्चित रहनुका कारण नेतृत्व चयनमा चलखेल हुने अवस्था सिर्जना हुन्छ। उनका शब्दमा, प्रतिस्पर्धीलाई अन्तिम समयसम्म अनिश्चिततामा राख्दा उनीहरूलाई दबाबमा पार्ने र विभिन्न माध्यमबाट सम्पर्क तथा चाकडी गर्न बाध्य पारिने प्रवृत्ति देखिन्छ।
उनले भने, “एक्लो प्रतिस्पर्धी भए पनि सरकारले अन्तिम समयसम्म बढुवा नगरी प्रतिस्पर्धीलाई कमजोर पार्ने, गलाउने र आफू अनुकूल बनिसकेपछि मात्र नियुक्त गर्ने शैली देखिन्छ।”
पूर्वआईजीपीले यस्तो अभ्यासले प्रहरी संगठनको निष्पक्षता, मनोबल र संस्थागत स्थायित्वमा नकारात्मक असर पार्ने बताएका छन्।

## देउवा ...

जबरा, भुषण राणा र जयवीर देउवाको कारोबारबारे समेत अनुसन्धान भइरहेको स्रोतले जनाएको छ।
देउवा पत्नी आरजु राणाको नाम यसअघि नक्कली भुटानी शरणार्थी प्रकरणमा समेत जोडिएको आरोप लागेको थियो। साथै नेपाल टेलिकमको बिलिङ अनियमितता प्रकरणसँग सम्बन्धित निर्णय प्रक्रियामा पनि शंकास्पद कारोबार भएको भन्दै अनुसन्धान अघि बढाइएको बताइन्छ।
देउवा परिवारले बुढानीलकण्ठस्थित कम्पाउन्डभित्र दुईवटा बंगला निर्माण गरेका थिए। जेनजी आन्दोलनका क्रममा उनीहरू सोही निवासमा रहेका बेला आगजनीसमेत भएको थियो। गत २३ र २४ भदौमा भएको जेनजी आन्दोलनका क्रममा देउवा निवासमा जलेका नोटहरू भेटिएको भिडियो सार्वजनिक भएको थियो। त्यसपछि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले मुचुल्का उठाएर अनुसन्धान अघि बढाएको थियो। हाल उक्त फाइल थप अनुसन्धानका लागि केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) मा पठाइएको छ।

## अन्तरजातीय ...

वडाध्यक्ष चन्द्र श्रेष्ठका अनुसार हिरासतमा एक्लै रहेका अवस्थामा उनले आत्महत्या गरेका हुन्। घटनाबारे प्रहरी प्रशासनले अनुसन्धान अघि बढाएको जनाएको छ।

स्थानीय स्रोतका अनुसार विक दलित समुदायका र किशोरी जनजाति समुदायकी हुन्। अन्तरजातीय विवाहपछि उत्पन्न पारिवारिक विवाद र कानुनी जटिलताका कारण उनी मानसिक तनावमा रहेको बताइन्छ।
घटनापछि परिवार शोकमा डुबेको छ भने आमा बिन्दा विक छोराको वियोगमा शोकाकुल छिन्। प्रहरीले घटनाको कारण र परिस्थितिबारे थप अनुसन्धान भइरहेको जनाएको छ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु

- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

जीतपुरसिमरा उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# तीन ऐन संशोधन विधेयक संसदमा पेश गर्न स्वीकृति

***८ बैशाख, काठमाडौं ।***

सरकारले तीन वटा ऐन संशोधन गर्न बनेका विधेयक संघीय संसदमा पेश गर्न स्वीकृति दिने निर्णय गरेको छ।



मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले नेपाल विशेष सेवा ऐन २०८२, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन २०७४ र मतदाता नामावली ऐन २०७३ संशोधन गर्न बनेका विधेयक संसदमा पेश गर्न स्वीकृति दिएको हो।

सरकारका अनुसार यी विधेयकहरू सम्बन्धित ऐनहरूमा आवश्यक सुधार तथा अद्यावधिक व्यवस्था गर्नका लागि अघि बढाइएको बताइएको छ।

त्यस्तै, बैठकले धितोपत्र बोर्डको अध्यक्ष नियुक्तिका लागि सिफारिस समिति गठन गर्ने निर्णय पनि गरेको छ।

धितोपत्र बोर्ड अध्यक्ष नियुक्तिका लागि राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. गुणाकर भट्टको संयोजकत्वमा सिफारिस समिति गठन गरिएको छ। समितिमा अर्थ मन्त्रालयका सचिव डा. घनश्याम उपाध्याय र भुवनकुमार दहाल सदस्य रहेका छन्।

सरकारले उक्त समिति मार्फत योग्य उम्मेदवार सिफारिस गरी अध्यक्ष नियुक्ति प्रक्रिया अघि बढाउने जनाएको छ।

# देउवा दम्पती हङकङमा रहेको आशंका, इन्टर पोलमार्फत नोटिस प्रक्रियाको तयारी

***८ बैशाख,काठमाडौं ।***

पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र उनकी पत्नी आरजु राणा देउवा हङकङमा रहेको आशंका गरिएको छ। उनीहरू ७ चैतमा हङकङ गएको बताइएको छ।



स्रोतका अनुसार देउवा दम्पती हालसम्म नेपाल फर्किएका छैनन् र अहिले पनि हङकङमै रहेको बुझिएको छ। यसअघि पनि जेनजी आन्दोलनपछि उनीहरू उपचारका लागि सिंगापुर गएका थिए, जहाँबाट उपचारपछि फर्किएको बताइन्छ।

प्रहरी प्रधान कार्यालयस्थित नेसनल सेन्ट्रल ब्युरो (एनसीबी) ले इन्टरपोलमार्फत नोटिस जारी गर्ने प्रक्रिया अघि बढाउने तयारी गरेको छ। नोटिस जारी भएमा इन्टरपोलका १९६ सदस्य राष्ट्रले सम्बन्धित व्यक्तिलाई पक्राउ गर्न सक्ने व्यवस्था छ। पक्राउ भएमा कानुनी प्रक्रिया पूरा गरी नेपाल ल्याउन सकिनेछ।

यसअघि पक्राउ पुर्जी जारी भएपछि देउवा स्वयंले आफू "खुला किताब" रहेको प्रतिक्रिया दिएका थिए। उनले सम्पत्तिसम्बन्धी आरोपहरू भ्रामक र झुटा रहेको दाबी गर्दै आफ्नो सम्पत्तिको विवरण सार्वजनिक पदमा रहँदा सम्बन्धित निकायमा बुझाइसकेको बताएका थिए।

यसैबीच देउवा परिवारसँग जोडिएका नातेदार प्रदीप शमशेर

बाँकी तेस्रो पृष्ठमा

# पर्सामा ३० हजार ट्रामाडोल ट्याब्लेटसहित भारतीय नागरिक पक्राउ

***८ बैशाक,विरगञ्ज ।***

पर्सा प्रहरीले ठूलो परिमाणमा प्रतिबन्धित लागूऔषधसहित एक भारतीय नागरिकलाई पक्राउ गरेको छ।



विशेष सूचनाका आधारमा आइतबार वीरगञ्ज महानगरपालिका-८ स्थित लिंक रोडमा रहेको समर होटल एण्ड लजमा लागूऔषध ओसारपसार भइरहेको आशंकामा प्रहरीले छापा मारेको थियो। सो क्रममा होटलको कोठा नम्बर १०५ मा खानतलासी गर्दा एक जना व्यक्ति पक्राउ परेका हुन्।

पक्राउ पर्नेमा भारत, बिहार राज्यको मोतीहारी जिल्ला, भेलाही गाउँका २० वर्षीय सागर कुमार पटेल रहेका छन्।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक हरि बहादुर बस्नेतका अनुसार पक्राउ परेका पटेलको साथबाट ट्रामाडोल हाइड्रोक्लोराइड आईपी-५० ( ट्रामोल) ३० हजार ट्याब्लेट बरामद गरिएको छ। उक्त लागूऔषध १ पत्तामा १० ट्याब्लेटका दरले ३ हजार पत्तामा राखिएको अवस्थामा फेला परेको उनले जानकारी दिए। बरामद लागूऔषध प्रतिबन्धित भएकाले ओसारपसार तथा कारोबारको आशंकामा पक्राउ गरिएको प्रहरीले जनाएको छ।

पक्राउ परेका पटेलमाथि हाल आवश्यक अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको

# प्रहरी आईजीपी नियुक्ति प्रक्रियामा पुरानै विवादित अभ्यास कायम, पूर्वआईजीपीको गम्भीर आरोप

***८ बैशाख,काठमान्डौ ।***

नेपाल प्रहरी तथा सशस्त्र प्रहरी महानिरीक्षक (आईजीपी) नियुक्ति प्रक्रियामा पारदर्शिता अभाव र राजनीतिक प्रभाव अझै कायम रहेको एक पूर्वआईजीपीले आरोप लगाएका छन्। उनका अनुसार, प्रतिस्पर्धीलाई कमजोर बनाउने, मानसिक दबाबमा राख्ने र अन्तिम क्षणसम्म अनिश्चितता सिर्जना गर्ने प्रवृत्ति लामो समयदेखि दोहोरिँदै आएको छ।



पूर्वआईजीपीका अनुसार, विगतमा आईजीपी बनेको ३६ औं दिनमै तत्कालीन सरकारले खरेललाई पदबाट हटाएर ध्रुवबहादुर प्रधानलाई आईजीपी बनाएको घटना यसै प्रवृत्तिको उदाहरण हो। त्यस समय तत्कालीन गृहमन्त्री वामदेव गौतमले प्रधानलाई आईजीपीको फुली लगाइदिएका थिए।

त्यसपछि आईजीपीलाई फुली लगाउने अभ्यास गृहसचिवमार्फत हुने परम्परा सुरु भएको र अहिले पनि त्यही व्यवस्था कायम रहेको उनले उल्लेख गरेका छन्।

हालको अभ्यास अनुसार नवनियुक्त आईजीपीलाई गृहसचिवले फुली लगाउने गरिन्छ। साथै, एक महिनाअघि नै आईजीपी बढुवा गर्ने र सम्बन्धित अधिकारीलाई बिदा गराउने परम्परा पनि हटिसकेको छ।

यसैबीच, सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल बिदा बस्न चाहिरहेका भए पनि गृह मन्त्रालयले त्यसलाई स्वीकृत गर्ने स्पष्ट संकेत नदिएको बताइएको छ। आईजीपी नियुक्ति प्रक्रियामा ढिलाइ हुँदा संगठनभित्र अन्योल बढेको स्रोतहरूको भनाइ छ।

बाँकी तेस्रो पृष्ठमा

# अन्तरजातीय विवाह विवादपछि हिरासतमा युवकको आत्महत्याको दाबी।

***८ बैशाख, काठमाडौं ।***

सिन्धुलीका २२ वर्षीय युवक श्रीकृष्ण विकले प्रहरी हिरासतभित्र आत्महत्या गरेका छन्। प्रेम विवाहपछि उत्पन्न कानुनी विवादका बीच उनी इलाका प्रहरी कार्यालय खुर्कोटको थुनुवा कक्षमा मृत अवस्थामा फेला परेका हुन्।




प्रहरीका अनुसार सिन्धुलीको सुनकोसी गाउँपालिका-३ का विकले सोमबार साँझ सर्टको पासो लगाई भेन्टिलेटरमा झुन्डिएर आत्महत्या गरेका थिए। उनलाई तत्काल उपचारका लागि अस्पताल लगिए पनि चिकित्सकले मृत घोषणा गरेका थिए।

गत चैत २८ गते खोटाङकी १७ वर्षीया किशोरीसँग प्रेम विवाह गरेका विकविरुद्ध पछि कानुनी विवाद उत्पन्न भएको थियो। किशोरीका परिवारले छोरी हराएको भन्दै दिएको उजुरीपछि दुवै जनालाई वैशाख ३ गते प्रहरीमा उपस्थित गराइएको थियो।

त्यसपछि किशोरीका आफन्तले उमेर नपुगेको भन्दै विकविरुद्ध जबरजस्ती करणीको कसुरमा जाहेरी दिएका थिए। प्रहरीले किशोरीलाई माइती पक्षको जिम्मा लगाउँदै विकलाई थप अनुसन्धानका लागि हिरासतमा राखेको थियो।

बाँकी तेस्रो पृष्ठमा

# सरकारी विज्ञापनसम्बन्धी निर्णयविरुद्ध पत्रकार महासंघको देशव्यापी आन्दोलन घोषणा

***८ बैशाख, काठमाडौं ।***

नेपाल पत्रकार महासंघ ले सरकारी विज्ञापनसम्बन्धी निर्णयविरुद्ध देशव्यापी दबाबमूलक कार्यक्रम घोषणा गरेको छ। महासंघले तीनै तहका सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यमलाई मात्र दिने प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय को निर्णयलाई विभेदकारी ठहर गर्दै त्यसको विरोधमा आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको हो।

महासंघका अनुसार उक्त निर्णय प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अन्तर्राष्ट्रिय मापदण्ड, नेपालको संवैधानिक व्यवस्था, खुला अर्थनीति र संघीयताको मर्मविपरीत रहेको छ। यसअघि महासंघले २०८२ चैत २३ गते सञ्चार तथा सूचना प्रविधि मन्त्रालय समक्ष निर्णय फिर्ता लिन माग गर्दै ज्ञापनपत्र बुझाएको थियो।


तर समस्या समाधानतर्फ सरकार उदासीन देखिएपछि आन्दोलनमा उत्रिनु परेको जनाएको छ। महासंघले तय गरेका कार्यक्रमअनुसार वैशाख ९ गते सबै प्रदेश समितिले मुख्यमन्त्रीसँग छलफल गर्ने छन्।

वैशाख १० गते जिल्ला शाखामार्फत प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाइनेछ भने सोही दिन दिउँसो केन्द्रीय कार्यालयमा पत्रकार सम्मेलन आयोजना गरिनेछ।

त्यसैगरी वैशाख ११ गते सम्पूर्ण सञ्चारमाध्यमलाई सम्पादकीय ऐक्यवद्धतामार्फत निर्णयको विरोध गर्न आह्वान गरिएको छ। सोही दिन बिहान सामाजिक सञ्जालमार्फत पनि विरोधका सामग्री सार्वजनिक गरिने महासंघले जनाएको छ।

वैशाख १४ गते राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायसँग छलफल गरिने कार्यक्रम छ भने वैशाख १५ गते स्थानीय तहलाई संघीय सरकारको निर्णय अवज्ञा गर्न आह्वान गरिने महासंघले जनाएको छ। महासंघले माग सम्बोधन नभए थप सशक्त आन्दोलनका कार्यक्रम ल्याउने चेतावनी दिएको छ।


तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

परवानीपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।


तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

करैयामाई गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।


तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

प्रसौनी गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।


तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।